**जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत संचालन गरिने विशेष सहयोग कार्यक्रमको कार्यान्वयन निर्देशिका**

**पृष्ठभूमि**

कृषि उत्पादनका विभिन्न आवश्यक सामग्रीहरुमध्ये बीउको आपूर्तिलाई सरल र सुलभ रुपमा कृषकस्तरमा उपलब्ध गराई खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न नवौं योजना (०५४।५५–०५८।५९) ले एउटा स्पष्ट दिशा निर्देशन गरेको छ । नवौं योजनामा उल्लेख भए अनुसार अधिराज्यका १५ जिल्लाहरु क्रमशः पूर्वाञ्चलका धनकुटा, मोरङ्ग र सुनसरी; मध्यमाञ्चलको नुवाकोट, बारा र पर्सा; पश्चिमाञ्चलको तनहुँ, नवलपरासी र रुपन्देही; मध्य-पश्चिमाञ्चलको प्यूठान, दाङ र वर्दिया तथा सुदूर-पश्चिमाञ्चलको डोटी, कैलाली र कञ्चनपुरलाई श्रोत बीउ उत्पादन जिल्लाको रुपमा छनौट गरी श्रोत बीउ बिजन उत्पादन कार्यक्रम संचालन गरिएको छ । यी जिल्लाहरुले मूल बीउबाट प्रमाणित प्रथम पुस्ताको बीउ उत्पादन गर्ने र उक्त श्रोत बीउबाट आफ्नै जिल्ला र छिमेकी जिल्लाहरु प्रमाणित दोस्रो पुस्ताका बीउ उत्पादन गराउने र प्रमाणित दोश्रो पुस्ताबाट उत्पादित उन्नत बीउ खाद्यान्न उत्पादनका लागि ३।४ वर्षसम्म प्रयोगमा ल्याउने तथा ३।४ वर्षपछि पुनः नयाँ बीउ प्रयोग गर्ने कार्यक्रम अनुसार आ.व. ०५५।५६ देखि जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रम संचालन भइरहेको छ ।

उपर्युक्त उद्देश्य अनुरुप कार्यक्रम संचालन गर्दा जिल्लाहरुले भोगेका समस्याहरु र अनुगमनबाट प्राप्त अनुभवका आधारमा उल्लेख गर्दा वीज वृद्धि कार्यक्रम ठूलो क्षेत्रफलमा/चक्लावन्दीमा संचालन हुन नसकिरहेको, मूलबीउबाट उत्पादित बीउ कृषकहरुले संचय गरी राख्न नसकेकाले गुणस्तरीय बीउ खाद्यान्नको रुपमा बिक्री वितरण भई गुणस्तरीय बीउको दुरुपयोग भइरहेको देखिएकोछ । यसले गर्दा उद्देश्य अनुसार कार्यक्रम प्रभावकारी हुन सकिइरहेको छैन । यही कुरालाई दृष्टिगत गरी गुणस्तरीय बीउ बढी भन्दा वढी मात्रामा उत्पादन गरी कृषकबाट कृषकमा साटफेर हुने बीउलाई गुणस्तरयुक्त बीउले प्रतिस्थापन गरी प्रति इकाई क्षेत्रफलमा उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न उत्पादित गुणस्तरयुक्त बीउको सुरक्षित संचय एवम् सर्वसुलभ वितरण गर्न उपयुक्त कार्यक्रम ल्याउन आवश्यक ठानी आ.व. ०५७।५८ मा बाली विकास निर्देशनालयले तोकेका जिल्लाहरुमा जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर सहयोग कार्यक्रम संचालन गर्न लागिएको परिप्रेक्ष्यमा यो कार्यक्रम कार्यान्वयनका लागि स्पष्ट व्यवस्था गर्न यो कार्यान्वयन निर्देशिका प्रस्तुत गरिएको छ ।

**उद्देश्य :**

१. जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रमबाट उत्पादित खाद्यान्न बालीको गुणस्तरीय बीउ अर्को पुस्ताको बीउ उत्पादन गर्नका लागि सुरक्षित रुपले संचय गर्न कृषक समूहहरुलाई अभिप्रेरित गराउने ।
२. कृषक समूहहरुलाई खाद्यान्न बालीको बीजबृद्धि कार्यक्रम संस्थागत र व्यावसायिक रुपमा संचालन गर्न प्रोत्साहित गर्ने ।
३. गुणस्तरीय बीउको उत्पादन, प्रशोधन, सुरक्षित भण्डारण एवम् चक्लावन्दी/ठूलो क्षेत्रफलमा बीजबृद्धि कार्यक्रम संचालन गर्न कृषक समूहहरुलाई जागरुक बनाउन ।

**मूल अवधारणा :**

गुणस्तरीय बीउको प्रयोगले मात्र पनि १५ देखि २५ प्रतिशतसम्म उत्पादन बृद्धि गर्न सकिने तथ्यलाई मध्यनजर राखी गुणस्तरीय बीउको उत्पादनको साथै सुरक्षित संचय एवम् बीउको समुचित उपयोग गरी खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने मूलभूत उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने यस कार्यक्रमको मुख्य केन्द्रविन्दु संस्थागत एवम् व्यवसायोन्मुख बीजबृद्धि कृषक समूहहरु हुनेछन् । लक्षित कृषक समूहको स्थिति र आवश्यकतालाई ध्यानमा राखी आवश्यक कार्यक्रम तय गर्ने देखि लिएर कार्यक्रम संचालन गर्ने मुख्य अभिभारा जिल्ला कृषि विकास कार्यालयको हुनेछ भने, क्षेत्रीय स्तरमा क्षेत्रीय बीउ बिजन प्रयोगशाला र केन्द्रीय स्तरमा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र एवम् बाली विकास निर्देशनालयको प्रत्यक्ष प्राविधिक सहभागिता हुनेछ भने परोक्ष रुपमा क्षेत्रीय कृषि निर्देशनालय, अन्य निर्देशनालयहरु, ने.कृ.अ.प.को पनि यस कार्यक्रममा संलग्नता रहनेछ ।

जिल्लामा खाद्यान्न बीजवृद्धि आत्मनिर्भर सहयोग कार्यक्रमको कार्यान्वयन गराउने र त्यसको लागि आवश्यक श्रोत साधन, प्राविधिक सहयोगको व्यवस्था बाली विकास निर्देशनालयको प्राविधिक सिफारिसका आधारमा जि.कृ.वि.का.ले मिलाउने छ भने क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरुले बीउ गुणस्तर नियन्त्रण सेवा संचालन गर्नुका साथै जिल्लाको कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था मिलाउने छ । बाली विकास निर्देशनालयको दायित्व कार्यक्रमको अनुगमन, निरीक्षण, अनुदानका लागि प्राविधिक सिफारिस गर्नुका साथसाथै मूल बीउको व्यवस्था मिलाउन सहयोग गर्ने देखि लिएर उत्पादित बीउको सुरक्षित संचय र वितरणका काममा समेत समन्वय पुऱ्याउनु हुनेछ । मूल रुपमा जि.कृ.वि.का.द्वारा संचालन हुने यस कार्यक्रमका लागि आवश्यक रकम क्षेत्रगत रुपमा सम्बन्धीत क्षेत्रीय बीउ बिजन प्रयोगशाला वा जि.कृ.वि.का.कै कार्यक्रममा वजेट समावेश गरिनेछ ।
कार्यक्रमको प्रभावकारीता हेरी अन्य श्रोत जिल्लाहरु एवम् संभाव्य अन्य जिल्लाहरुमा पनि विस्तारै संचालन गर्दै लगिनेछ भने अर्कोतर्फ कार्यक्रम संचालन गरी जिल्लाहरुमा बीउ उत्पादक कृषक समूहको सुदृढिकरण भई समूह संस्थागत एवम् व्यवसायिक बनाउन एउटा कृषक समूहलाई एक पटकमा देहायअनुसार कार्यक्रम अन्तर्गतका सहयोगहरु उपलब्ध गराइनेछ । त्यस पश्चात् त्यस्ता समूहहरुलाई प्राविधिक सहयोग मात्र पुऱ्याइने छ । यस कार्यक्रमको मुख्य उद्देश्य कृषकहरुलाई वंशाणुगत तथा भौतिक गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराई कृषि उत्पादनमा बीजबृद्धि गर्न सघाउ पुऱ्याउनु हो ।

**कार्यक्रम संचालन प्रक्रिया :**
जिल्लास्तरीय बीउ बिजन आत्मनिर्भर सहयोग कार्यक्रम बाली विकास निर्देशनालयले विशेष क्राइटेरियाका आधारमा तोकेको तराई तथा पहाडका जिल्लाहरुमा संचालन गरिने छ । कार्यक्रम संचालन गर्न तोकिएका जिल्लाका जि.कृ.वि.का.ले निम्न शर्तहरु बमोजिम जिल्लामा १ देखि उपयुक्त र आवश्यक भएमा ३ समूहसम्म छनौट गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

(क) कृषक समूह विधिवत जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएको हुनुपर्ने र सो कृषक समूहबारे जि.कृ.वि.का.ले विशेष निगरानी राख्नुका साथै लिखित रुपमा विस्तृत रेकर्ड राखेको हुन पर्ने ।
(ख) कृषक समूह व्यवसायिक भै सकेको वा व्यवसायोन्मुख हुनुपर्ने ।
(ग) बीजबृद्धिबाट उत्पादित बीउको बजार व्यवस्था कृषक समूह आफैंले गर्न सहमत हुनु पर्ने । (तर यसको लागि अन्य सहयोग भने सम्बन्धित विभिन्न निकायबाट हुने ।)
(घ) बीजबृद्धिमा संलग्न कृषकहरुले बीउ उत्पादन प्रविधि अनुसार नै बीउ उत्पादन कार्य गर्न सहमत हुनु पर्ने ।
(ङ) आफ्नो वा छिमेकी जिल्लाहरुको माग बमोजिमका बालीका जातहरुमा बीजबृद्धि संचालन गर्नुपर्ने ।
(च) २ वा २ भन्दा वढी खाद्यान्न बालीमा बीजबृद्धि कार्यक्रममा सहभागी हुनुपर्ने ।
(छ) समूहको बीजबृद्धि सम्वन्धी वार्षिक आय-व्ययको हिसाव स्पष्टसंग राख्नु पर्ने ।
(ज) उत्पादित बीउ बाली लगाउने समयसम्म भण्डारण गर्न सक्नु पर्ने ।
(झ) बीउ उत्पादन प्रविधिबारे जानकारी भएका कृषकहरु समूहमा हुनु पर्ने ।
(ञ) एउटा कृषक समूहले तराईमा कम्तीमा १५ हे. र पहाडमा कम्तीमा ८ हे. मा बीजबृद्धि संचालन गर्नु पर्ने ।
(ट) बीजबृद्धि उपलब्ध हुने स्थिति भएसम्म मूल बीउबाट संचालन गर्नुपर्ने । आवश्यक जातमा मूलबीउ प्राप्त गर्न नसकिएको अवस्थामा मात्र प्रमाणित प्रथम पुस्ताको बीउ प्रयोग गरी बीजबृद्धि कार्यक्रम संचालन गर्नुपर्ने ।

नोट :

१. *कुनै क्षेत्रमा एउटा समूहले मात्र उल्लेखित क्षेत्रहरुमा वीज वृद्धि कार्यक्रम संचालन गर्न नसकेको खण्डमा नजिकको २।३ समूह मिलेर पनि उक्त कार्यक्रम संचालन गर्न सकिनेछ तर यस्तो अवस्थामा दिने सुविधाहरु एउटै समूहको हिसावले दिइने छ ।*
२. *यस निर्देशिकामा उल्लेख नभएका/भएका सम्पूर्ण कुराहरु वीज वृद्धि कार्यक्रमको निर्देशिका -जिल्ला स्तरीय बीउ बिजन आत्मनिर्भर कार्यक्रम (DISSPRO) २०५५ सँग सम्बन्धीत र आधारित भएकाले सो निर्देशिकाको आधारमा नै यो सहयोग कार्यक्रम संचालन हुने/गर्नु पर्नेछ । तर थप गरिएका वा परिवर्तन गरिएका कुराहरु भने यही निर्देशिका अनुसार हुनेछ ।*

उपर्युक्त बमोजिमका सर्त पालना गर्न लिखित रुपमा तयार कृषक समूहहरुलाई आवश्यकता र समूहको स्थिति हेरी निम्नानुसारका सहयोग कार्यक्रमहरु निम्न प्रावधान बमोजिम संचालन गर्न एउटा समूहलाई एक पटकमा रु. ६०,०००। (अक्षेरुपी साठ्ठी हजार मात्र) सम्म एकमुष्ट अनुदानको रुपमा दिइनेछ । तर यो अनुदान प्राप्त गर्ने

कृषक समूहले कम्तीमा पनि त्यत्तिकै रकम उक्त समूहको कोषमा जम्मा गरेको बैंक स्टेटमेन्ट (विवरण) पेश गर्नुपर्नेछ । यसरी सिर्जित बीउ हितकोष (Revolving Fund) नघट्ने गरी चक्रकोषको रुपमा समूहले संचालन गर्नुपर्नेछ। बीउ हितकोषको रकम निम्नानुसारका कार्यहरु गर्न परिचालन गर्न सकिनेछ।
(यस सम्बन्धी नर्म्स नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालयबाट मिति २०५७।८।०७ मा निर्णय भएको)

**बीउ भण्डारणको लागि गोदामघरको भाडा सम्बन्धी व्यवस्था**

कृषक समूहहरुले चक्लावन्दीमा/नजिकैको दूरीमा ठूलो क्षेत्रफलमा (कम्तीमा ५-१० हे.) बीज बृद्धि गरी उत्पादन गरेका बीउ सुरक्षित संचय गर्ने कृषक समूहहरुसँग उपयुक्त भण्डारण नभएका कारणले उत्पादित बीउ राम्रोसँग संचय नहुने र तुरुन्तै बिक्री वितरण हुन सक्ने संभावना/यथार्थलाई दृष्टिगत गरी पहाडमा १ बालीमा कम्तीमा ५ हे. र तराईमा १ बालीमा कम्तीमा १० हे. मा बीज बृद्धि संचालन गर्ने कृषक समूहहरुलाई गोदाम भाडामा लिन जि.कृ.वि.का.को प्राविधिक सिफारिसमा अनुदानित रकम खर्च गर्न सकिनेछ। गोदाम भाडामा लिंदा गोदाम कार्यका लागि उपयुक्त हुने कृ.सा.सं., साझा संस्था, अन्य सरकारी/गैर सरकारी संस्थाहरुको खाली गोदामहरु वा सो नभएमा मात्र व्यक्ति विशेषको घर/कोठालाई प्रयोग गर्न सकिनेछ र भाडामा लिंदा बाली विशेषको लागि मात्र वा केही महिनाका लागि पनि लिन सकिनेछ। बीउ भण्डारण स्थल बीउ उत्पादन क्षेत्रबाट सकेसम्म नजिक हुने गरी व्यवस्था गर्नुपर्ने छ । गोदामघरमा बीउ भण्डारण गर्ने कृषक समूहका प्रत्येक कृषकले बीउ बिक्री भइसकेपछि बीउको परिमाणको आधारमा दामासाहीले गोदाम भाडा भुक्तानी गरी समूहको कोषमा दाखिला गर्नुपर्नेछ।

क) बीउ गोदामघर निर्माण/पुनः निर्माण कार्य

बीउलाई सुरक्षित किसिमले भण्डारण गर्न कृषक समूह आफैंले बीउ गोदाम निर्माण/पुनःनिर्माण गर्न अनुदानित रकम प्रयोग गर्न सकिनेछ। तर यसरी निर्माण हुने वा पुनःनिर्माण हुने गोदाम घरको स्वामित्व व्यक्तिको नभई संस्थागत हुनु पर्नेछ।

बीउ खरिद बिक्री सम्वन्धी कार्यहरु

कृषक समूहहरुलाई उपलब्ध गराइएको रकम बीउ उत्पादन गरी तुरुन्त बेच्नु पर्ने स्थिति भएका कृषकहरुको बीउ खरीद गरी भण्डारण गरी राख्ने तथा मूल बीउ खरिद गर्ने लगायतका कामहरु संचालन गर्न मात्र प्रयोग गर्नु पर्नेछ।

<u>बीउ ढुवानी सम्बन्धी कार्यहरु:</u>

बीउ उत्पादन स्थलबाट भण्डारण स्थलसम्म ढुवानी गर्न अनुदानित रकम परिचालन गर्न सकिने छ।

<u>प्याकेजिङ् मेटेरियल वापतको खर्च</u>

गुणस्तरयुक्त बीउलाई सुरक्षित किसिमले भण्डारण गर्न र वितरणका लागि सजिलो बनाउन प्लाष्टिक/जुटका बोरामा भण्डारण गर्न ती सामग्रीहरु खरिद गर्न अनुदानित रकम परिचालन गर्न सकिने छ।

<u>प्याकेजिङ, बीउ भण्डारण एवम् बाली संरक्षण सम्बन्धी औजारहरु खरिद कार्य</u>

स्प्रेयर, सीडवीन (मेटल वीन), सीड ड्रम, वोरा सिलाउने मेशिन आदि औजारहरुको प्रयोगमा व्यापकता ल्याउन कृषक समूहलाई बढी अभिप्रेरित गर्न उल्लेखित सामग्रीहरु खरिद गर्न अनुदानित रकम परिचालन गर्न सकिने छ ।

<u>गुणस्तरीय बीउको प्रचार प्रसार कार्यहरु</u>

गुणस्तरिय बीउको महत्व, उपलब्ध हुने श्रोत, परिमाण, जात आदिको बारेमा पम्फ्लेट, पोष्टर रेडियो, टि.भी., टेलिफोन, चिठ्ठीपत्र आदिबाट आवश्यकता अनुसार प्रचार-प्रसार गर्न जि.कृ.वि.का.र क्षेत्रीय बीउ बिजन प्रयोगशालाले सहयोग पुऱ्याउनेछ।

बीउ उत्पादन समूह/समूहहरुको संस्थागत संरचना सुदृढिकरण अन्तरक्रिया गोष्ठी

गुणस्तरीय बीउको महत्व, बीउ उत्पादन प्रविधि, योजना तर्जुमा एवम् बीजबृद्धि कार्यक्रमलाई व्यावसायिक बनाउन समूहहरुलाई अभिप्रेरित गराउने लगायत समूहको संस्थागत संरचना सुदृढिकरण गराउन कृषक समूहहरुले क्षेत्रीय रुपमा वा जिल्लास्तरमा अन्तरक्रिया गोष्ठी संचालन गर्न सक्नेछन।

(क) यस्तो गोष्ठी एउटा जिल्ला/क्षेत्रमा एउटा बालीमा एउटा गोष्ठी वा सो संभाव नभए हिंउदे र वर्षे बालीमा गरी २ मौसममा क्षेत्रीय बीउ बिजन प्रयोगशाला, जि.कृ.वि.का., कृषक समूह, एग्रोभेट, NGO/INGO को सल्लाह र सहयोगमा आयोजना गर्ने।

(ख) गोष्ठी सकेसम्म बीजबृद्धि पकेटमा नै संचालन गर्ने।

(ग) गोष्ठीमा कृषक समूहका सक्रिय सदस्य, बीउ व्यापारी, जनप्रतिनिध आदि समावेश हुनुपर्ने
(घ) गोष्ठीमा सहभागीहरुलाई चियापान, स्टेशनरी तथा मसलन्द खर्च आयोजक समूहले नै व्यहोर्नु पर्ने ।
(ङ) यस्तो गोष्ठीमा क्षेत्रीय बीउ बिजन प्रयोगशाला एवम् जि.कृ.वि.का को प्रतिनिध अनिवार्य रुपमा हुनुपर्ने ।

माथि उल्लेखित शीर्षक अर्न्तगत पर्ने बाहेकका तर बीजबृद्धिसंग सम्बन्धित अन्य कार्यहरु गर्नुपर्ने अवस्थामा कृषक समूहले जि.कृ.वि.का. को स्वीकृती लिनुपर्ने छ ।
खाद्यान्न बालीमा बीजवृद्धि गर्ने कृषक समूहलाई बीउ हितकोषको लागि उर्पयुक्त बमोजिमको रकम अनुदान दिनु अघि अनुसूचि १ अनुसारको बीजवृद्धि कृषक समूहको विवरण र अनुसूचि २ अनुसारको सम्बन्धित कृषक समूहले जि.कृ.वि.का.संग गरेको सहमती पत्र बाली विकास निर्देशनालयमा जि.कृ.वि.का.ले अनिवार्य रुपमा पठाउनु पर्ने छ ।
विनियोजित रकमको सीमा भन्दा बढी हुनेगरी धेरै कृषक समूहको प्रतिस्पर्धा भएमा कृषक समूहको संस्थागत अवस्था एवम् बढी क्षेत्रफल र बढी खाद्यान्न बालीमा बीजबृद्धि गर्ने कृषक समूहलाई प्राथमिकता दिइनेछ ।

**बीउ गुणस्तर सेवा संचालन**
कृषक समूहले बीउ उत्पादन प्रविधि अवलम्वन गरी बीजबृद्धि कार्यक्रम संचालन गरेको बालीको बीउको गुण नियन्त्रण सेवा जि.कृ.वि.का.का सम्बन्धित अधिकृत/प्राविधिकले गर्नु पर्नेछ सो को १० प्रतिशत Cross-check गर्ने र आवश्यकताअनुसार बीउ परीक्षण, प्रमाणीकरण र ट्यागिङ्ग गर्ने जिम्मेवारी सम्बन्धित क्षे.बी.बि. प्रयोगशालाको हुनेछ ।

**अनुगमन तथा मूल्यांकन व्यवस्था :**
१. जिल्लास्तरमा सम्बन्धीत जिल्ला कृषि विकास कार्यालयका प्रमुख र बाली विशेषज्ञ/बाली विकास शाखा हेर्ने अधिकृत) यस कार्यक्रमको योजना तर्जुमा, अनुगमन, तथा मूल्यांकनका लागि जिम्मेवार हुनेछन् र सो सम्वन्धी सम्पूर्ण प्रतिवेदन सम्बन्धीत क्षेत्रीय कृषि निर्देशनालय, क्षेत्रीय बीउ बिजन प्रयोगशाला र बाली विकास निर्देशनालयलाई मासिक रुपमा अनिवार्य रुपमा पठाउनु पर्ने छ । (अनुसूची १ देखि ४ सम्मः अनुसूची १ र २ बाली लगाउनु अगावै, अनुसूची ३ बाली लगाई सकेपछि, अनुसूची ४ बाली उत्पादन गरी भण्डारण गरिसकेपछि ।)
२. क्षेत्रीय स्तरमा सम्बन्धित क्षेत्रीय कृषि निर्देशनालय, क्षेत्रीय बीउ बिजन प्रयोगशालाहरुले आवश्यक अनुगमन, मूल्यांकन तथा अन्य सहयोगका लागि जिम्मेवार हुनेछन् ।
३. केन्द्रिय स्तरमा बाली विकास निर्देशनालयले जिम्मेवार अधिकृत तोकी आवश्यक सहयोग र अनुगमन तथा मूल्यांकनको व्यवस्था मिलाउने छ र सो को प्रतिवेदन सम्बन्धित जिल्ला, बीउ बिजन प्रयोगशाला, क्षेत्रीय कृषि निर्देशनालय तथा कृषि विभागमा अनिवार्य रुपमा पठाउनु पर्ने छ ।
४. बाली विकास निर्देशनालयले क्षे.कृ.नि., जि.कृ.वि.का., क्षे.बी.बि.प्र.सँग कार्यक्रम संचालन गर्न समन्वय गर्नु पर्ने छ ।

**नोटः** जिल्लास्तरीय बीउविजन आत्मनिर्भर कार्यक्रम अन्तर्गत संचालन गरिने विशेष सहयोग कार्यक्रम आ.व. ०५७/५८ मा श्रोत जिल्लाहरु मध्ये सुनसरी, मोरङ्ग, बारा, पर्सा, नुवाकोट, नवलपरासी, रुपन्देही, बर्दीया, दाङ्ग, कैलाली र अन्य २ जिल्लाहरु धादिङ्ग र सिन्धुलीमा गरि १२ जिल्लाहरुमा संचालन हुने छ ।
उपरोक्त जिल्लाहरु मध्ये आ.व. ०५७/५८ को वार्षिक कार्यक्रममा नै उपर्युक्त कार्यक्रमहरु बजेट समावेश भएका जि.कृ.वि.का.ले प्रचलित नियम अनुसार नै र उपर्युक्त कार्यक्रम जिल्लाको वार्षिक कार्यक्रममा समावेश भएको तर बजेट सम्बन्धीत क्षेत्रीय बीउविजन प्रयोगशालामा रहेको अवस्थामा सम्बन्धीत जि.कृ.वि.का.ले सम्बन्धीत क्षेत्रीय बीउविजन प्रयोगशालासँग पेश्कि लिई कार्यक्रम संचालन गर्ने र सम्पन्न भईसकेपछि पेश्कि फछ्र्यौट गर्नु पर्नेछ । आ.व. २०५८/५९ देखि कार्यक्रम र बजेट जि.कृ.वि.का.मै समावेश गरिने भएकाले प्रचलित नियमानुसार नै खर्च गरिनेछ ।